नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले सज्दा गर्दा यो दुआ पढ्नुहुन्थ्यो: "अल्लाहुम्मग्फिर ली जन्बी कुल्लहु, दिक्कहु व जिल्लहु, व अव्वलहु व आखिरहु, व अलानियतहु व सिर्रहु।" अर्थात् "हे अल्लाह! मेरा साना र ठूला, विगतका र वर्तमानका, खुला र गुप्त सबै पापहरू क्षमा गर्नुहोस्।

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्: नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले सज्दा गर्दा यो दुआ पढ्नुहुन्थ्यो: "अल्लाहुम्मग्फिर ली जन्बी कुल्लहु, दिक्कहु व जिल्लहु, व अव्वलहु व आखिरहु, व अलानियतहु व सिर्रहु।" अर्थात् "हे अल्लाह! मेरा साना
र ठूला, विगतका र वर्तमानका, खुला र गुप्त सबै पापहरू क्षमा गर्नुहोस्।"
[सही] [मुस्लिमले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) सज्दामा यो प्रार्थना गर्नुहुन्थ्यो: (अल्लाहुम-मग्फिरली जन्बी)" हे अल्लाह! मेरा पापहरूलाई लुकाएर क्षमा गर्नुहोस् र तिनीहरूको दुष्परिणामहरूबाट मलाई बचाउनुहोस्; मलाई क्षमा गर्नुहोस्, माफ गर्नुहोस् र हिसाब नलिनुहोस्। "(कुल्लाहू)" सबै पाप, "(दिक्कहू)" अर्थात्: सानो र थोरै, "(व जिल्लाहू)" अर्थात्: र ठूलो र धेरै, "(व अव्वलहू)" पहिलो पाप, "(व आखिरहू)" अन्तिम र तिनीहरूको बीचमा भएका पापहरू, "(अलानियतहू व सिर्रहू)" सार्वजनिक र गोप्यः जुन तपाईं बाहेक अरू कसैलाई थाहा छैन, तपाईं पवित्र हुनुहुन्छ।

http://sunnah.global/hadeeth/ne/show/5470